

# ८ बाबुआमा हुने समय

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति १८:११, यर्मिया ३१:२५, मत्ती ११:२८, भजन १२७, हितोपदेश २२:६, १ शमूएल ३:१०-१४ र फिलिप्पीहरूलाई ३:१३।

***यस अध्यायको मूल सार पद:*** **"हेर, छोराछोरीहरू परमप्रभुले दिनुभएको उत्तराधिकार वा जायजेथा हुन्, तिनीहरू तिम्रो कोखका इनाम हुन्।" (भजन १२७:३ रूपान्तरित)।**

**जन्म** स्वभाविक प्रक्रिया हो भनेर हामी त्यसको रहस्यमय प्रक्रियालाई त्यति महत्त्व दिँदैनौं। हव्वाले बालक कैयनलाई हातमा खेलाउन पाउँदा उनलाई के भयो होला? कल्पना गर्नुहोस्। बालक जन्मिनुभन्दा अघि आफ्नो कोखमा महिनौंसम्म हुर्किरहँदा हव्वालाई कस्तो अनुभव भयो होला? बालक जन्मिने बेलामा उनलाई भएको महाकष्ट, अनि जन्मेपछि केही गर्न नसक्ने असहाय सानो बालकलाई देख्दा उनलाई के भयो होला? गर्भाधानको अवस्था नाघिसकेकी सारा ९०वर्षको उमेरमा आफ्नो कोखबाट इसाहाक आउँदा अब्राहमकी श्रीमती सारालाई कस्तो भयो होला? जहिले जहिले इसाहकको नाउँ लिइन्थ्यो तब तब शायद उनलाई हाँस पनि उठ्दथ्यो होला। छोराको निम्ति प्रार्थनामा निरन्तर लामोसमयसम्म लागिरहेपछि शमूएललाई पाउँदा हन्नाले आफ्नो भाव यसरी व्यक्त गरेकी थिइन्, "यस बालकको निम्ति मैले प्रार्थना गरें। बालकको निम्ति गरेको बिन्तीलाई सुन्नुभयो र यो बालक दिनुभयो" (१ शमूएल १:२७ रूपान्तरित)। कलिलै उमेरमा परमेश्वरको पुत्र येशूलाई हातमा खेलाउनुपाउँदा मेरीलाई अचम्ममात्र होइन कस्तो श्रद्धा भयो होला?

तर विवाह गऱ्यो भन्दैमा सबै पति र पत्नीहरू बाबुआमा हुन्छन् भन्ने छैन। बाबु आमा हुनुभनेको अवसर र जिम्मेवारी लिनु हो। बाबुआमा हुँदा

सामना गर्नुपर्ने चुनौति, डर, संतुष्टि र आनन्दको बारेमा यस अध्यायमा केही हदसम्म केलाउनेछौं।

## १. आफ्नै छोराछोरीबिना पनि बाबुआमाको भूमिका खेल्नु

देहायको पदहरूमा उल्लेख गरिएका मानिसहरूको साझा चाहना के थियो? तिनीहरूको चाहनालाई परमेश्वरले कसरी जवाफ दिनुभयो? हेर्नुहोस्ः उत्पत्ति १८:१०-१४ "१० तब परमप्रभुले भन्नुभयो, 'आउँदो साल यही समयमा म निश्चय नै तिमीकहाँ फर्किआउनेछु, र हेर्, तिम्री पत्नी साराले एउटा छोरो जन्माएकी हुन्छे।' साराले चाहिँ यो कुरो पालको ढोकाबाट उहाँको पछिल्तिर सुनिरहेकी थिइन्। ११ अब्राहाम र सारा वृद्ध थिए र तिनीहरूको उमेर धेरै ढल्किसकेको थियो। साराको रजस्वला पनि बन्द भइसकेको थियो। १२ यसकारण सारा मनमनै यसो भन्दै हाँसिन 'म वृद्ध भइसकेकी छु, र मेरा पति पनि वृद्ध भइसक्नुभएको छ, र के मलाई यो सुख हुन्छ र?' १३ तब परमप्रभुले अब्राहामलाई भन्नुभयो, 'बूढ़ी भएर पनि मैले छोराछोरी पाउने' भनेर सारा किन हाँसीन्? १४ परमप्रभुको निम्ति कुनै कुरो कठिन छ र? आउँदो साल तोकिएकै समयमा म तिमीकहाँ फर्किआउनेछु, र साराको एउटा छोरा हुनेछ।', उत्पत्ति ३०:१,२ "१ याकूबबाट आफ्नो केही सन्तान नभएको देखेर राहेलले आफ्नी दिदीसित डाह गर्न लागिन्। तिनले याकूबलाई भनिन्, 'मलाई पनि सन्तान दिनुहोस्, नत्र म मर्नेछु।' २ याकूबले राहेलसित रिसाएर भने, 'तिम्रो कोख थुनिदिने म परमेश्वरको स्थानमा छु र?', १ शमूएल १:१-८ "१ रामतैमबाट आएका एक जना मानिस थिए। तिनी एक सूपी तथा एफ्राइमको पहाड़ी देशका थिए। तिनको नाउँ एल्काना थियो। तिनी एफ्राइमी थिए, अनि तिनी यरोहामका छोरा, एलीहूका नाति, तोहूका पनाति र सूपका जनाति थिए। २ हन्नाह र पनिन्नाह नाउँका तिनका दुई पत्नी थिए। पनिन्नाहका छोराछोरीहरू थिए, तर हन्नाह निस्सन्तान थिइन्। ३ एल्काना वर्षेनी शीलोमा सर्वशक्तिमान् परमप्रभुको आराधना गर्न र बलिदान चढ़ाउन आफ्नो सहरबाट उक्लेर जाने गर्थे। त्यहाँ एलीका दुई छोरा, होप्नी र पीनहास परमप्रभुका पूजाहारीहरू थिए। ४ बलिदान चढ़ाएको दिन एल्कानाले आफ्नी पत्नी पनिन्नाह र यिनका सबै छोराछोरीहरूलाई भेटीको भाग दिन्थे, ५ तर हन्नाहलाई दोबर भाग दिन्थे, किनभने एल्कानाले तिनलाई प्रेम गरे, र परमप्रभुले तिनको गर्भ रोक्नुभएको थियो। ६ तिनका छोराछोरी नभएका हुनाले हन्नाहकी सौताले

**तिनलाई दुःख दिने र हेपेर कुरा गर्ने गर्थिन्। ७ साल-सालै यस्तो हुन्थ्यो। जब हन्नाह परमप्रभुको भवनमा जान्थिन्, तिनकी सौताले तिनलाई रुवाएर नखाने बनाउन्जेल इख्याउँथिन्। ८ तिनका लोग्ने एल्कानाले तिनलाई भन्थे, 'हन्नाह, तिमी किन रोइरहेकीछ्यौ र केही पनि खाँदिनौ? तिमी किन यति दुःखित छ्यौ? के म तिम्रो निम्ति दश जना छोराहरूभन्दा पनि बढ्ता छैनँ र?" र लूका १:५-७ "५ यहूदियाका राजा, हेरोदको पालोमा, अबियाका दलका जकरिया नाउँ भएका एक जना पूजाहारी थिए। तिनकी पत्नी हारून-वंशकी थिइन्। तिनको नाउँ एलीशिबा थियो। ६ ती दुवै परमेश्वरको सामुन्ने धर्मी थिए, र परमप्रभुका सबै आज्ञा र धार्मिक-विधानहरूमा निर्दोष भई हिँड्थे। ७ तर तिनीहरूको कोही सन्तान थिएन, किनभने एलीशिबा बाँझी थिइन्, र ती दुवैको उमेर ढल्किसकेको थियो।"**

छोराछोरीहरू हुनु भनेको आशिष र गौरवको कुरो हो। तर के कारणले हो बाबुआमा हुने धोको परमेश्वरले सबैलाई पुऱ्याउनुभएको देखिँदैन। कतिले परिवारको निम्ति आशा गर्छन् र प्रार्थना गर्छन्। कतिपयसमयमा परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ। कतिपयसमयमा त नचिताएकै समयमा अचम्म तरिकाले बालक जन्मिन्छ जस्तै अब्राहमकी श्रीमती साराको मामिलामा। कतिपय समयमा सन्तानको निम्ति जतिसुकै प्रार्थना गरेतापनि त्यो प्रार्थना परमेश्वरको सिंहासनमा नपुगेको अनुभव गर्दछन्। जब जब साथीहरूले गर्भधारण गर्दा र तिनीहरूका बालकहरू जन्मिन्दा तिनीहरूले परमेश्वरको प्रशंसा गर्दछन् तब तब आफ्नो कोख सुकेकोले आफूमा भएको गहिरो घाऊ झन कोटिएको अनुभव विवाहित स्त्रीहरूले गर्दछन्। "तपाईंहरूका छोराछोरी कति जना छन्?" भनेर सोध्दापनि आफ्ना छोराछोरी नहुँदा तिनीहरूको समूहमा आफू समाहित हुन नपाउँदा बाबुआमा हुन चाहनेहरूले गहिरो पीडा भएको महसुस गर्दछन्।

यस किसिमका अनुभवहरू गरिरहनेहरूले यो थाहा पाउन जरुरी छ कि तिनीहरूको पीडा परमेश्वरलाई थाहा छ। भजनका लेखकले परमेश्वरको बारेमा यसरी घोषणा गर्छन् "मेरा सबै दुःख, पीडाहरूको लेखा तपाईंले राख्नुहुन्छ। तपाईंको सिसीमा मेरा सबै आँशूहरू जम्मा गर्नुभएको छ। मेरा प्रत्येक पीडालाई तपाईंले तपाईंको पुस्तकमा लेख्नुभएको छ" (भजन ५६:८ रूपान्तरित)। परमेश्वर चुपचाप रहनुभएको जस्तो लागेतापनि "उहाँप्रति श्रद्धा

राख्नेहरूको निम्ति परमेश्वर आफ्ना छोराछोरीको निम्ति बुबा जस्तो हुनुहुन्छ। उहाँ कोमल र करुणामय हुनुहुन्छ" (भजन १०३:१३ रूपान्तरित)।

कतिपयले त विभिन्न कारणहरूले गर्दा छोराछोरी नजन्माउने कुरालाई रुचाउँछन्। हाम्रो जस्तो पापैपापले भरिएको समाज, दुःख पीडा, अधर्मी र आइपर्नसक्ने कष्टको संसारमा छोराछोरीहरू जन्माएर किन दुःख दिने भनेर पनि छोराछोरीहरू नजन्माउने सोचिराखेका होलान् (मानौं विवाहको निमन्त्रणामा "छोराछोरीहरू जन्माउन तिनीहरूको निम्ति हानीकारक छ" भनेर लेख्दा पनि अचम्म मान्नुपर्ने नभएको देखिन्छ-अनुवादकको मन्तव्य)। कतिपय समयमा कतिले आफ्ना छोराछोरीहरू जन्माउनुको बिकल्पमा अरूका छोराछोरीहरू धर्मपुत्र वा धर्मपुत्री पाल्न राजी हुन्छन्। हेपिएका र तिरस्कार गरिएका वा बोझले लादिएकोले के गर्ने भनेर चिन्तितहुनेहरूका छोराछोरीहरूलाई आफ्नो घरमा ल्याएर तिनीहरूको भविष्यलाई उज्ज्वल बनाउन कतिपय श्रीमानश्रीमतीले मञ्जुरी गर्छन्।

हाम्रो संसार जतिलताको जालोमा परेको छ। छोराछोरीहरू जन्माउने कि नजन्माउने भन्ने मनस्थिति बोकेका विभिन्न विचारधाराहरू भएका मानिसहरूलाई हामी भेट्दछौं। छोराछोरीहरूको बारेमा हामी जुनसुकै परिस्थितिमा भएतापनि परमेश्वरको प्रेम हामीमा छ र अन्तमा हामीहरूको भलाइ उहाँले चाहनुहुन्छ भनेर हामी ढुक्क हुनसक्छौं। फेरि त्यसैबखत छोराछोरीहरू पाउन नसक्ने मानिसहरूप्रति हामी संवेदशील हुन पनि नबिसौं।

**येशूका आफ्नै प्राकृतिक छोराछोरीहरू थिएनन्। यसबाट हामीले के शिक्षा सिक्न सक्दछौं?**

## २. एक्लो आमा वा बाबु

संसारको सेरोफेरोमा बालबालिका त हुन्छन् नि, तर तिनीहरूलाई हुर्काउन सधैं बाबुआमा दुवै मिलेर हुर्काउँछन् भन्ने छैन। कतिपय समयमा कि त बाबुले मात्र कि त आमाले मात्र आफ्ना छोराछोरीलाई हुर्काउन वाध्य भइरहेको पाइन्छ। एक जनाको जिम्मेवारीमात्र छोराछोरीहरूलाई हुर्काउनेपर्ने बाबु वा आमालाई एक्लो बाबु वा आमा भनेर सम्बोधन गरिन्छ।

विवाह नगरिकनै बच्चा पाएकी, बच्चाको बाबु खोइ? भनेर एक्ली आमाप्रति नाक खुम्च्याएर बस्ने समाजमा छोराछोरीलाई हुर्काउन वाध्यहुँदा अविवाहितमात्र एकल आमामात्र हुन्छन् भन्ने छैन। बाइबलकै परिप्रेक्ष्यमा हेर्ने

हो भने कतिपय कारणहरूले स्त्रीहरू नचाहाँदा नचाहैदै पनि एक्लो आमाहरू हुन पुगेको पाउँछौं। अब्राहमको घरबार हेर्ने हगारको आमा हुने पहिलो चाहना पक्कै पनि थिएन होला तर उनी उनकी मालिक्नी साराको दवावले अब्राहमबाट बालक जन्माउन वाध्य भएकी थिइन्। पछि साराकै दवावमा बालकलाई लिएर घरबाट निस्कनु परेको थियो (उत्पत्ति १६:३,४,२१:१७)। त्यसको अर्थ परिस्थितिले गर्दा आफ्नो छोरो इश्माएललाई एक्लैले हुर्काउन परेको थियो। शक्तिशाली राजा दाउदको यौनकामनाले गर्दा विवाहित बिथशिबा दाउदबाट पेट गर्भाधान गर्न वाध्य हुनुपरेको थियो (२ शमूएल ११:४,५)। जारपाथ भन्ने गाउँमा एक्लो छोरो भएको बिधवी आमालाई सहयोग गर्न परमेश्वरले एलियालाई अऱ्हाउनुभएको थियो (१ राजा १७:९)। जब येशूले आफ्नो सेवाकार्य सुरू गर्न थाल्नुभएको बेलामा उहाँको धर्मपिता युशूफको मृत्यु भइसकेको थियो। त्यसले गर्दा विधुवा मरियम एक्लैले येशू र अरू छोराछोरीहरूलाई सम्हाल्नु परेको थियो। यस सन्दर्भमा एलेन जी ह्वाइटले द डिजाएर अभ एजेज् १४५मा यसरी व्यक्त गर्दछिन् "येशूको जन्मको रहस्यको ज्ञानलाई युशूफलाई मरियमले बाँड्न पाएकी थिइन्। तर आत्मियतामा एक भएका आफ्नो श्रीमान युशूफको मृत्युले आफूले पाएको ज्ञान बुझ्ने अरू कोही भएको थिएन। आफूसँग भएका आशाहरू र लुकेका डरहरू बाँड्न मरियमको निम्ति अब कोही भएन। आफ्नो श्रीमान युशूफ मरेको दुई महिना मरियमको निम्ति पीडादायी बनेको थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ.१४५बाट रूपान्तरित।

एक्लो बाबु वा आमा भएर छोराछोरीहरू हुर्काउने काम अत्यन्तै चुनौतिपूर्ण हुन्छ। धेरै धेरै समस्याहरूको सामना गर्नुपर्दछ। पैसाको समस्या, अरू आमाबाबुसँग कारोबारमा, रमाइलो गर्ने वा परमेश्वरसँग समय बिताउने समय पनि अभाव र ठूलो भएपछि आफूले दुःख गरेर हुर्काएको छोराछोरीहरूले भविष्यमा साथ नदेलाकी वा माया नगर्लाकी भन्ने प्रश्नले एकल बाबु आमालाई पिरोलेको हुन्छ।

**देहायका पदहरूमा एकल बाबु वा आमाको निम्ति के प्रतिज्ञाहरू दिइएका छन् जसले गर्दा परमेश्वरबाट हौशला पाउन सक्छौं? यर्मिया ३१:२५ "२३ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'जब म तिनीहरूलाई कैदबाट फर्काएर ल्याउनेछु, तब मानिसहरूले यहूदाको देश र त्यसका नगरहरूमा यी वचन फेरि प्रयोग गर्नेछन्, 'हे धर्मी वासस्थान, हे पवित्र**

पर्वत, तँलाई परमप्रभुले आशिष् '। २४ यहूदा र त्यसका सबै नगरहरूमा मानिसहरू एकैसाथ बस्नेछन्' किसानहरू, र आफ्ना बगालसँग घुम्ने गोठालाहरू। २५ थाकेकाहरूलाई म फेरि ताजा बनाउनेछु र मूर्च्छा खानेहरूलाई सन्तुष्ट तुल्याउनेछु।" (कतिपय समयमा हामीहरूको परिस्थिति नै हामीहरूको कैद भइरहेको हुन्छ)।, मत्ती ११:२८ "२८ 'हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। ३० किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।", यर्मिया २९:११ "जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु,' परमप्रभु भन्नुहुन्छ। 'ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई।" यर्मिया ३२:२६-२७ "२६ तब परमप्रभुको यो वचन यर्मियाकहाँ आयोः २७ सबै मानव-जातिका परमेश्वर म हुँ। के कुनै कुरो मेरो निम्ति कठिन छ र?" (याद गर्नुहोस् बाइबलले औंल्याएको परमेश्वर कुनै एक जाति वा राष्ट्रको मात्र होइन। एक जातिले मात्र उहाँलाई आफ्नो पेवा बनाउँदा उहाँको मर्ममा चोट पर्दछ-अनुवादकको अभिव्यक्ति), हितोपदेश ३:१-६ "१ हे मेरो छोरो, मेरो शिक्षालाई नभुल्, तर मेरा आज्ञाहरू आफ्नो हृदयमा लुकाइराख्। २ किनभने तिनले तिमीलाई दीर्घायु बनाउनेछन् र तिम्रो लागि सम्पन्नता ल्याउनेछन्। ३ भक्ति र विश्वासयोग्यताले तिमीलाई कहिल्यै नछोडून्, ती तिमीले आफ्नो गलामा बाँधिराख्, आफ्नो हृदयको पाटीमा ती लेखिराख्। ४ तब परमेश्वर र मानिसको दृष्टिमा तिमीले निगाह पाउनेछौ र असल नाउँ कमाउनेछौ। ५ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्नु र तिम्रो आफ्नै समझशक्तिमा भर नपर्नु ६ आफ्ना सारा मार्गमा उहाँलाई सम्झनु र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ।" र यशैया ४३:१,२ "१ तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छः 'नडरा, किनकि मैले तिमीलाई मोल तिरेर छुटाएको छु। मैले तिमीलाई तिम्रो नाउँ काढ़ेर बोलाएको छु, तिमी मेरै हो। २ तिमी पानीबाट भएर जाँदा म तिम्रो साथमा हुनेछु। तिमी नदीहरूबाट भएर जाँदा तिनले तिमीलाई डुबाउनेछैनन्। तिमी आगोबाट हिँड़र जाँदा डढ्नेछैनौ। त्यसको ज्वालाले तिमीलाई भस्म पार्नेछैन।"

हामीहरूको चर्चमा कोही एकल बाबु वा आमा छ भने तिनीहरूलाई सहयोग गर्नु हामीहरूको उत्तरदायित्व हो। याकूबले लेख्दछन् "परमेश्वर र पिताको सामु शुद्ध, पवित्र र निर्मल धर्म नै यो होः समस्यामा परिरहेका टुहुरा र विधवाहरूकहाँ भेट्न जानु" (याकूब १:२७ रूपान्तरित)। त्यस नीतिमा "एकल बाबु वा आमा जब समस्यामा पर्छन्" भनेर थपे पनि हुन्छ। पैसा नै सबै थोक होइन। पैसा दिएरमात्र सहयोग हुन्छ भन्ने छैन। तिनीहरूका छोराछोरीहरूलाई घरमा ल्याएर केही समय भुलाउनु ताकि एकल बाबु वा आमाले केही आराम गर्ने, आफ्नो काम गर्ने, प्रार्थना गर्ने र परमेश्वरको वचन पढ्ने समय पाउन सकून्। तिनीहरूका छोराछोरीहरूलाई सम्झाउनु वा घरमा केही काम गरेर सहयोग गर्नु पनि तिनीहरूको निम्ति असल हुनेछ। विभिन्न कामहरूद्वारा सहयोग गरेर एकल बाबु वा आमाको निम्ति हामी परमेश्वरको हात हुनसक्छौं।

**कुनै आलोचना नगरि वा आगोमा घ्यु नथपि एकल बाबु वा आमा कसरी एक्लो हुनगए भनेर खोजनीति नगरि तिनीहरूलाई तपाईंले के गर्न सक्नुहुन्छ जसले तिनीहरूलाई हौशला र सहयोग मिल्दछ?**

## ३. बाबुआमा हुँदाको आनन्द र उत्तरदायित्व

**भजन १२७ एउटा छोटो भजन हो। यसमा के महत्त्वपूर्ण आधारभूत नीतिहरू छन् जुन हामीहरूको निम्ति हितकर छन् र हामीहरूको जीवनलाई तिनीहरूले कसरी प्रभाव पार्न सक्छन्? हेर्नुहोस्ः "१ परमप्रभुले नै घर नबनाउनुभए त, बनाउनेहरूले गरेको परिश्रम व्यर्थ हुन्छ। परमप्रभुले सहरको रक्षा नगर्नुभए त, पालेहरूले गरेको रखवाली व्यर्थ हुन्छ। २ भोजनको निम्ति परिश्रम गर्नलाई बिहान सबेरै उठ्नु, र राती अबेर सुत्न जानु व्यर्थ छ, किनकि उहाँले आफ्ना प्रियहरूलाई निद्रा दिनुहुन्छ। ३ छोराहरू परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोरा-छोरीहरू उहाँका इनाम हुन्। ४ योद्धाको हातमा भएका बाणहरूझैं, युवावस्थामा जन्मेका छोराहरू हुन्छन्, ५ त्यो मानिस धन्यको हो, जसको ठोक्रो बाणहरूले भरिएको हुन्छ। मूल ढोकामा आफ्ना शत्रुहरूको सामना गर्नुपर्दा, तिनीहरू शर्ममा पर्नेछैनन्।"**

यदि हामीहरूले कुनै मिठो परिकार पकाउन चाहन्छौं भने त्यसलाई चाहिने मर मसलाहरू जोड्छौं अनि तरिका पुऱ्याएर पकाउँछौं। प्रायजसो त्यसरी पकाएको परिकार मिठो नै हुन्छ। तर बाबुआमा हुनु भनेको परिकार

पकाउनु जस्तो होइन। एउटा बालक ठ्याक्कै अर्को जस्तो हुँदैन। तपाईंले जतिसुकै वास्ता गरेर तिनीहरूलाई हुर्काएतापनि जब तिनीहरू हुर्कन्छन् तब तिनीहरू कुनै न कुनै रूपमा फरक स्वभावका हुन जान्छन्। बालक र बालिका हुनुमापनि  फरक हुनसक्छन्, तिनीहरू गर्भमा बसेर कसरी जन्मे त्यसमा पनि तिनीहरू फरक हुनसक्छन्, विभिन्न बालबालिकाको विभिन्न मिजास हुन्छ वा अरू धेरै कुराहरूमा तिनीहरू फरक हुनसक्छन्। बाबु आमाहरूले छोराछोरीहरूलाई एक आपसमा माया गर्न सिकाओस् र परमेश्वरका वचनहरू पालन गर्न सिकाओस् र त्यसै अनुसार अगुवाइ गरोस् भन्ने परमेश्वरको चाहना हो (व्यवस्था ६:४-९ "४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिंड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख। ९ ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख। र भजन ७८:५-७ "५ उहाँले याकूबको निम्ति कानूनहरू कायम राख्नुभयो, र इस्राएलमा एउटा व्यवस्था स्थापना गर्नुभयो। आफ्ना सन्तानहरूलाई यी कुरा सिकाऊन् भनेर, उहाँले हाम्रा पिता-पुर्खाहरूलाई हुकुम दिनुभयो, ६ कि आउँदो पुस्ताले यी कुरा जानून्, र अझ नजन्मेका शिशुहरूले पनि यी कुरा जानून्, र तिनीहरूले आफ्ना सन्तानलाई पनि यी कुरा भनून्। ७ यसरी तिनीहरूले परमेश्वरमा भरोसा राख्नेथिए, र उहाँका कार्यहरू बिर्सनेथिएनन्, तर उहाँका आज्ञाहरू पालन गर्नेथिए।" जुन बाटोमा छोराछोरीहरू हिंड्नुपर्ने हो ती बाटोतिर जान तालिम देऊ भन्ने परमेश्वरको निर्देशन हो (भजन २२:६ रूपान्तरित)। त्यसको अर्थ यो होइन कि तिनीहरूले गलत निर्णय गर्दा तिनीहरूलाई सजायँ दिइरहनु।

हाम्रा छोराछोरीहरू अलिअलि ठूलो हुँदै हुर्केको, सफल युवायुवती भएको हामी हेर्न चाहन्छौं। तिनीहरूप्रति हाम्रो जिम्मेवारी भनेकै तिनीहरूले माया गर्न सिकून् र येशू ख्रीष्टको सेवा गर्न सकोस् भनेर सिकाउने हो। बाबुआमा भएको हैशियतले हामीहरूले व्यवस्था ६ अध्यायमा कोरिएका बालबालिकाको निम्ति आत्मिक विकासको योजना अनुसार चल्न सक्छौं। त्यहाँ उल्लेख गरिएका परमेश्वरका निर्देशनमा चारवटा महत्त्वपूर्ण नीतिहरू समावेश

भएका छन्: "परमेश्वर नै हाम्रो प्रभु हुनुहुन्छ" (व्यवस्था ६:४) भन्ने कुरामा हामी अडिग हुनुपर्छ। "हामीहरूले उहाँलाई हृदयदेखि नै प्रेम गर्न" (व्यवस्था ६:५) प्रतिवद्धता देखाउनुपर्छ, "उहाँका वचनहरू हामीहरूको हृदयमा सजाएर राख्नुपर्छ (व्यवस्था ६:६) र उहाँको बारेमा हामीलाई जे थाहा छ सो हामीहरूका छोराछोरीहरूलाई सिकाउनुपर्दछ (व्यवस्था ६:२०-२३)।

व्यवस्था ६मा अर्को दुई महत्त्वपूर्ण नीतिहरू हामीलाई उपलब्ध गराइएको छ। पहिलो नीतिमा "सिकाउनु र कुरा गर्नु वा चर्चा गर्नु" (व्यवस्था ६:७)। सिकाउनु भनेको औपचारिक शिक्षा हो। कुरा गर्नु वा चर्चा गर्नु भनेको अनौपचारिकतवरले सिकाउनु हो। दुवै मामिलामा बाइबलका सत्यहरूलाई बालबालिकाहरूलाई सिकाउनु हो। यदि बालबालिकाहरूलाई परमेश्वरका वचनहरू पालन गर्न बाबुआमाहरूले सिकाउन चाहन्छन् भने बालबालिकाहरूप्रति तिनीहरूको व्यवहारमा र तिनीहरूप्रति कस्तो खालको सम्बन्ध छ त्यसमा पनि भर पर्दछ। बालबालिकाहरूले बाबुआमाले सिकाएका कुराहरू बाबुआमा आफैले पनि पालन गरेका छन् कि छैनन् भनेर हेरिरहन्छन्। जब परिवारमा आराधना हुन्छ त्यसबेला बाइबल अध्ययन गर्दा वा सिकाउँदा त्यो औपचारिक हुनसक्छ। दिनदिनैको जीवनमा परमेश्वरको बारेमा कुरा कानी गरेर र बाबुआमाले आफूहरूले सिकेका कुराहरूलाई व्यवहारमा उतारेर देखाउनु र अनुकरणीय उदाहरण बनेर देखाउँदा अनौपचारिकरूपमा बालबालिकाहरूले सिकिरहेका हुन्छन्। बाइबलको सत्यलाई सिकाउने प्रभावकारी औजार नै दैनिक जीवनको क्रियाकलाप हो। दोस्रो नीतिचाहिँ "लेखेर बाँध्नु" (व्यवस्था ६:८,९) हो। सत्य आत्मज्ञानहरू हामीहरूको क्रियाकलाप (हात) र मनस्थिति (टाउको)बाट सिकाउनै पर्छ। तर हामीहरूको व्यक्तिगत जीवनमा (चौकोसहरूमा) र सार्वजनिक (ढोकाहरू) जीवनमा देखाएर र व्यवहारमा उतारेर सिकाउनुपर्दछ। हामीहरूको हृदयबाट घरमा र हामीहरूको घरबाट संसारमा परमेश्वरका आत्मज्ञानहरू फैलाउनुपर्दछ।

## ४. येशूका भक्त बनाउने उत्तरदायित्व बाबुआमाको

**देहायका पदहरूमा दुई बाबुहरूको कथा छन्। ती दुई बाबुहरूले जुन छोराछोरीहरू हुर्काए तब के तिनीहरूले परमेश्वरको चाहना अनुसार हुर्काएका थिए? एक बाबुको सन्तानको बारेमा परमेश्वरले प्रशंसा गर्नुभएको थियो भने**

अर्को बाबुको सन्तानप्रति परमेश्वर किन नाराज हुनुभयो? हेर्नुहोस्: उत्पत्ति १८:१८,१९ "१८ अब्राहामबाट एउटा ठूलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् १९ किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।" र १ शमूएल ३:१०-१४ "१० परमप्रभु त्यहाँ आएर उभिनुभयो, र अघिजस्तै बोलाउनुभयो, 'शमूएल, शमूएल।' शमूएलले जवाफ दिए, 'भन्नुहोस्, तपाईंको दास सुन्दैछ।' ११ अनि परमप्रभुले शमूएललाई भन्नुभयो, 'हेर, म इस्राएलमा चाँड़ै केही गर्नेछु, र त्यसले गर्दा सुन्नेहरू सबैका कान झन्किनेछन्। १२ जब त्यो दिन आउनेछ तब मैले एली र त्यसका परिवारको विरुद्धमा भनेको हरेक कुरो सुरुदेखि आखिरसम्मै म पूरा गर्नेछु। १३ मैले त्यसलाई भनेको थिएँ, कि म त्यसका परिवारको सधैं इन्साफ गर्नेछु, किनभने परमेश्वरको विरुद्धमा त्यसका छोराहरूले आफूलाई घृणास्पद बनाएका जानेर पनि त्यसले तिनीहरूलाई रोकेन।" अब्राहम र एलीले आफ्ना सन्तानलाई हुर्काउन कुन फरक तरिकाहरू अपनाए?

बाबुआमाहरूको काम केवल छोराछोरीहरू जन्माएर आफ्नो जायजेथा थाम्न सक्ने बनाउनुमात्र होइन भनेर बाइबलले सिकाउँदछ। छोराछोरीहरूलाई परमेश्वरको बारेमा सिकाउने र उहाँको बाटोमा हिंडाउने पनि तिनीहरूको उत्तरदायित्व हो। त्यसले गर्दा तिनीहरू आफै पनि येशूका भक्तहरू हुन पुग्छन्। कतिले भन्छन् छोराछोरीहरूलाई कुटेर, सास्ती दिएर वा शारीरिक यातना दिएर हुर्काउनुपर्छ। बाइबलकै पदहरूलाई लिएर ती पदहरूलाई दुरुपयोग गरेर (हितोपदेश २२:१५,२३:१३, २९:१५) बच्चाहरूलाई जति दण्ड दिइयो असल हुन्छन् भनेर कतिपय बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई आतङ्कित बनाउँछन्। जब बाबु आमाहरूले जबरजस्ती आफ्ना सन्तानहरूलाई पशु जस्तो व्यवहार गरेर कजाउँछन् र आफ्नो बशमा राख्न खोज्छन् तब तिनीहरू हुर्केपछि आफ्नै बाबुआमाको र परमेश्वरकै विरुद्धमा पनि विद्रोही भएर निस्कन्छन्।

तर त्यसको बिपरीत छोराछोरीहरूलाई न्यायोचित र दिगोसमयसम्म परिवार र परमेश्वरप्रति बफादारी हुने तरिकाले हुर्काउन देहायका पदहरूले यसरी सिकाउँछन्: (अ) छोराछोरीहरूलाई माया गरेर काबुमा राख्नपर्दछ।

एफिसी ६:४ "बुबा हो, आफ्ना छोराछोरीलाई रिस नउठाओ, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ।" र कलस्सी ३:२१ "बुबा हो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ, नत्रता तिनीहरू निराश हुनेछन्।", (आ) परमेश्वरको धार्मिकता, न्यायको बारेमा सिकाएर तिनीहरू पनि परमेश्वरको स्वभावमा ढाल्न खोज्नुपर्छः भजन ७८:१-८ "१ हे मेरा प्रजा, मेरा शिक्षातिर कान लगाओ, मेरो मुखका वचनमाथि ध्यान देओ।

२ म मेरो मुख दृष्टान्तमा खोल्नेछु, प्राचीनका भेदका कुराहरू सुनाउनेछु, ३ ती जुन कुराहरू हामीले सुनेका र जानेका छौं, र जुन कुरा हाम्रा पिता-पुर्खाहरूले हामीलाई भनेका छन्। ४ हामी यी कुराहरू तिनीहरूका छोराछोरीहरूबाट लुकाएर राख्नेछैनौं, तर आउने पुस्तालाई परमप्रभुका महिमामय कार्यहरू र उहाँको सामर्थ्य अनि उहाँले गर्नुभएका आश्चर्यपूर्ण कामहरूको वर्णन गर्नेछौं। ५ उहाँले याकूबको निम्ति कानूनहरू कायम राख्नुभयो, र इस्राएलमा एउटा व्यवस्था स्थापना गर्नुभयो।

आफ्ना सन्तानहरूलाई यी कुरा सिकाऊन् भनेर, उहाँले हाम्रा पिता-पुर्खाहरूलाई हुकुम दिनुभयो, ६ कि आउँदो पुस्ताले यी कुरा जानून्, र अझ नजन्मेका शिशुहरूले पनि यी कुरा जानून्, र तिनीहरूले आफ्ना सन्तानलाई पनि यी कुरा भनून्। ७ यसरी तिनीहरूले परमेश्वरमा भरोसा राख्नेथिए, र उहाँका कार्यहरू बिर्सनेथिएनन्, तर उहाँका आज्ञाहरू पालन गर्नेथिए। ८ तिनीहरू आफ्ना पिता-पुर्खाझैं हठी र विद्रोही पुस्ता नहोऊन्, जसका हृदयहरू परमेश्वरतर्फ बफादार थिएनन्, र जसका आत्मा परमेश्वरतर्फ विश्वस्त थिएनन्।", हितोपदेश २२:६ "बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन।", यशैया ३८:१९ "जीवित, जीवितले मात्र तपाईंको प्रशंसा गर्छ, जसरी आज म गरिरहेछु। बाबुहरूले आफ्ना छोराछोरीहरूलाई तपाईंको विश्वस्तताको विषयमा वर्णन गर्छन्।" र योयल १:३ "तिमीहरूका छोराछोरीहरूलाई यो कुरा बताओ, र तिमीहरूका छोराछोरीहरूले उनीहरूका छोराछोरीहरूलाई बताऊन्, र उनीहरूका छोराछोरीहरूले आगामी पुस्तालाई बताऊन्।", (इ) बाबुआमा भएको हैशियतले हामीहरूले छोराछोरीहरूको आवश्यकता पूरा गरिदिनुपर्छः २ कोरन्थी १२:१४ " आमा-बुबाको निम्ति छोराछोरीले होइन, तर छोराछोरीका निम्ति पो आमा-बुबाले सञ्चय गर्नुपर्छ।" (अर्थात् छोराछोरीहरूको निम्ति सम्पत्ति जोड्न नसक्ने वा तिनीहरूको खाँचो पूरा गर्न नसक्ने आमाबाबुले

छोराछोरी जन्माउनु तिनीहरूमाथि अन्याय गर्नु हो)। (ई) बाबुआमाहरू छोराछोरीहरूको निम्ति अनुकरणीय उदाहरण हुन बाइबलले आग्रह गर्दछः उत्पत्ति १८:१९ "किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।", प्रस्थान १३:६-८ "६ सात दिनसम्म तिमीहरूले अखमिरी रोटी खानू, र सातौं दिनमा चाहिँ परमप्रभुको निम्ति एउटा चाड़ मनाउनू। ७ ती सात दिनसम्म अखमिरी रोटी खानू। तिमीहरूका साँधसिमानाभित्र खमिर भएका चीज र खमिर देखिनुहुँदैन। ८ त्यस दिन तिमीहरूले आफ्नो छोरालाई यसो भन्नू, 'जब म मिश्रबाट निस्केर आएँ, तब परमप्रभुले मेरो निम्ति जे गर्नुभयो, यो त्यसैको निम्ति गरिएको हो'।", तितस २:१,२ "१ तिमीले चाहिँ जे पक्का धार्मिक-सिद्धान्त सुहाँउदो छ त्यही सिकाऊ। २ वृद्ध मानिसलाई संयमी, गम्भीर, समझदार, विश्वासमा पक्का, प्रेम र धैर्यमा दृढ़ हुन सिकाऊ।", (उ) छोराछोरीहरूलाई अनुशासनमा बस्न सिकाऊ पनि भनएको छ, हितोपदेश २९:१५-१७ "१५ सुधारको छड़ीले बुद्धि प्रदान गर्छ, तर छाडा छोड़ेको छोराले आफ्नी आमाको बेइज्जत गर्छ। १६ जब दुष्ट फस्टाउन थाल्छ, पाप पनि फस्टिँदैजान्छ। तर धर्मीले तिनीहरूको पतन देख्नेछ। १७ आफ्नो छोरालाई कजाऊ, र त्यसले तिमीलाई शान्ति दिन्छ। त्यसले तिम्रो प्राणमा अति आनन्द ल्याउनेछ।", रिस झोक्किएर होइन तर परमेश्वरको प्रेमलाई प्रतिबिम्ब गरेरः यशैया ६६:१३ "आमाले आफ्ना बालकलाई सान्त्वना दिएझैं (माया गरेझैं) म तिमीहरूलाई सान्त्वना दिनेछु (माया गर्नेछु)। र तिमीहरूले यरूशलेमको कारण सान्त्वना पाउनेछौ।", भजन १०३:१३ "जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई कजाउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले कजाउनुहुन्छ।" र लूका ११:११ "तिमीहरूमध्ये कुनचाहिँ बुबा होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला?" फेरि त्यस समय हामीहरूलाई घर परिवारलाई पनि व्यवस्थित ढंगले चलाउनुपर्छ जसको कारणले चर्चपनि व्यवस्थित ढंगले चल्न सक्छ भनेर अऱ्हाइएको छः १ तिमोथी ३:१-१३ "१ यो भनाइ विश्वासयोग्य छ, यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ। २ यसकारण बिशपचाहिँ कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीका पति,

संयमी, समझदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक होऊन्, ३ मतवाला र रिसाहा होइन तर तिनी विनम्र, झगड़ा नगर्ने, धनको लोभ नगर्ने, ४ आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन्। ५ यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ रु ६ तिनी नयाँ विश्वासी नहोऊन्, नत्रता घमण्डले फुलेर तिनी दियाबलसले पाउने दण्डमा पर्नेछन्। ७ फेरि, बाहिरकाहरूका दृष्टिमा पनि तिनी असल ठहरिनुपर्छ, नत्रता तिनी निन्दा र दियाबलसको पासोमा पर्नेछन्। ८ त्यसै गरी डिकनहरू पनि गम्भीर हुनुपर्छ, दुई-जिब्रे होइन, बढ़ी मद्य पिउने र धनको लोभी होइन, ९ तर तिनीहरू विश्वासको रहस्य शुद्ध विवेकमा कायम राख्ने हुनुपर्छ। १० पहिले तिनीहरूको जाँच पनि होस्। त्यसपछि तिनीहरूले आफैलाई दोषरहित प्रमाणित गर्न सके भने तिनीहरूले डिकनको सेवा गरून्। ११ स्त्रीहरू पनि यहीबमोजिम गम्भीर, अर्काको बदख्वाइँ नगर्ने वा कुरा काटेर हिँड्ने, तर सबै कुरामा संयमी र विश्वासयोग्य हुनुपर्छ। १२ डिकन एउटै पत्नीका पति होऊन्। आफ्ना छोरा-छोरीहरू र आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने होऊन्। १३ किनकि डिकनले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन् तिनीहरूले आ-आफ्ना निम्ति प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा पाउनेछन्।"

बाइबलका कतिपय बाबुआमा (पात्रहरू)ले आफ्ना छोराछोरीहरूलाई गलत ढंगले हुर्काएका थिए भन्ने यथार्थलाई बाइबलमा लुकाएको छैन। इसहाक र उनकी श्रीमती रेबेकाले आफ्ना छोराहरू एसाव र याकूबप्रति पक्षपात गरेका थिए (उत्पत्ति २५:२८), पछि गएर याकूबले त्यही पक्षपाती स्वभाव युशूफलाई देखाएका थिए (उत्पत्ति ३७:३)। पुजाहारी र न्यायकर्ता एली धर्मात्मा र धर्मगुरु भएतापनि आफ्ना छोराहरूलाई कजाउन सकेका थिएनन् (१ शमूएल ३:१०-१४)। एलीले नै हुर्काएका शमूएल पनि बाबुको भूमिका परमेश्वरसम्मत निभाउन सकेका थिएनन् (१ शमूएल ८:१-६)। राजा दाउदले व्यभिचार र हत्या गरेर आफ्ना छोराछोरीहरूको निम्ति अनुकरणीय उदाहरण बन्न सकेका थिएनन्। तिनीहरूले पछि गएर आफ्नै बाबुकै अनुसरण गरेका थिए। राजा मनस्सेले आफ्ना बालबालिकाहरूलाई शैतानको पूजा गर्ने स्थलमा बलि चढाएका थिए। पछि उनको छोरा आहाजले पनि छोराछोरीहरूलाई दुष्ट देवताहरूलाई बलि चढाएका थिए।

भाग्यवस्, असल बाबुआमाहरूले असलै छोराछोरीहरू हुर्काउन सफल भएका थिए भनेर पनि बाइबलले खुलासा गरेको छ। हडस्सा (एस्थर महारानी)को काका मोर्डेकाइ अचम्मको धर्मपिता भनेर देखाइएको छ (एस्थर २:७)। आफ्ना छोराछोरीहरूको निम्ति अय्यूवले निरन्तररूपमा प्रार्थना गर्दथे (अय्यूब १:४,५)। बाइबलमा उल्लेख गरिएका बिभिन्न बाबुआमाहरूको उदाहरणले आफ्ना छोराछोरीहरूलाई कसरी हुर्काउने र नहुर्काउने भनेर हाम्रो सामु प्रस्तुत गरिएको छ।

**बाइबलमा खुलासा गरिए अनुसार बाबुआमाभएर छोराछोरीहरूलाई कसरी हुर्काउनु पर्छ र हुर्काउनु हुन्न भनेर दिइएका उदाहरणहरूले हामी के सिक्न सक्छौं? आफ्ना छोराछोरीहरूलाई होस् वा हाम्रो संरक्षणमा आएका बालबालिकाहरूलाई होस् बाइबलमा दिइएका नीतिहरूलाई कति हदसम्म पालन गरेर हुर्काउन सक्छौं?**

## ५. बाटो बिराएर गएका छोराछोरीको निम्ति प्रयास

**हितोपदेश २२:६ पढ्नुहोस्। यसमा तपाईंले के बुझ्नुहुन्छ? यो वचन जमानीको वचन हो, वा प्रतिज्ञा वा संभाव्यताको? हेर्नुहोस्: "बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालिम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन।"**

कहिलेकाहीं बाबुआमा भएको हैशियतले छोराछोरीहरू हुर्काउन मानिसले कुनै कसुरपनि बाँकि राख्दैन। तिनीहरूलाई हुर्काउन सबै प्रयासहरू गर्दछन्: तिनीहरूसँग समय बिताउँछन्, जे ठिक छ त्यो सिकाउँदछन्, परमेश्वरको वचन थाहा पाए अनुसार आफ्नै जीवनबाट सिकाउँछन्, ठिक र असल स्कूलमा पढ्न पठाउँछन्, नियमितरूपमा चर्च जान्छन्, तिनीहरूसँग मिलेर परमेश्वरको काममा संलग्न हुन्छन् वा आफ्ना छोराछोरी देशको, परिवारको चर्चको असल नागरिक होऊ भनेर आफ्ना सबै स्रोतहरू साधनहरू उपयोग गर्दछन्। तर कतिपय समयमा छोराछोरीहरू बाबुआमाको प्रयासबिपरीत चर्चै छोडेर आफ्नो बाटो लागेको पाइन्छ। यो बाबुआमाको निम्ति पीडादायी समय हुन्छ र छोराछोरीहरूले पनि परमेश्वरको राज्यमा हक पाऊ भनेर तिनीहरू बेचैन भएर बस्दछन्। छोराछोरी बिग्रँदा सधैं बाबुआमाको कारणलेमात्र विग्रिन्छन् भन्ने छैन। छोराछोरीहरूको आफ्नै दिमाग र चेतना हुन्छ र आखिरमा तिनीहरूको कामको लेखाजोखा परमेश्वरलाई तिनीहरू आफैले दिनुपर्नेछ।

"जब छोरालाई जुन बाटोमा हिँड्नुपर्ने हो सो बाटोमा तालिम दिइयो भने ऊ बृद्ध अवस्था पुगेपछि पनि बाटो बिराउँदैन" भन्ने शब्दहरू कतिले उचितरूपमा छोराछोरीहरू हुर्काए भने तिनीहरूको मुक्ति सुनिश्चित छ भनेर प्रतिज्ञा वा जमानीको रुपमा लिन्छन्। हितोपदेशको पुस्तकले नीतिहरूमात्र प्रस्तुत गरेका छन् तर सधैं स्वतः पूरा हुने प्रतिज्ञाहरू दिइएका छैनन्। तर बालककालमा सिकेका अर्ती तथा शिक्षाहरू जीवनभरि रहन्छ भनेर त्यस वाक्यले हामीलाई ढुक्क गराएको छ। कुनै पनि बालक जब हुर्कन्छ र त्यस उमेरमा पुग्छ जसले स्वविवेकका स्वतन्त्रतालाई प्रयोग गरेर बाबुआमाको अर्तीमा हिँड्ने कि आफ्नै तालमा हिँड्ने भनेर रोज्न सक्छ। जो बाबुआमाले आफ्ना बालबालिकाहरूको दिमागमा परमेश्वरका वचनहरू रोप्दछन् वा ईश्वरीय तरिकाले लालनपालन गर्दछन् तब तिनीहरू हुर्किएर घरबाट निस्किएतापनि तिनीहरूका हृदयहरूमा रोपेका वचनहरू फस्टाउनेछन् भनेर विश्वस्त हुनसक्छन्। बाबुआमाप्रति चासो देखाएर समय-समयमा घरमा सम्पर्क राख्ने छोराछोरीहरूले बालककालमा सिकेका ईश्वरीय शिक्षादीक्षा साँचिराखिरहेका हुन्छन् भनेर प्रमाणित गर्दछन्। असल बाबुआमा हुने हाम्रो कर्तब्य हो र कस्तो खालको छोराछोरीहरू हुने भन्ने कर्तब्य तिनीहरूको हो।

जब छोरा वा छोरी बरालिए भने बाबुआमाले के गर्ने? तपाईंका छोराछोरीहरूलाई परमेश्वरमा सुम्पनुहोस् र दिल खोलेर तिनीहरूको हितको निम्ति प्रार्थना गर्नुहोस्। हामीहरूको सच्चा पिता परमेश्वर हुनुहुन्छ र हामीहरूको सबै पीडा, नैराश्यता र मर्महरू उहाँले बुझ्नुहुन्छ। उहाँ सिद्ध पिता भएतापनि उहाँका खरबौं छोराछोरीहरू उहाँबाट बरालिएर गएका अनुभवले हामीहरूको पीडालाई उहाँले बुझ्नुहुन्छ भनेर ढुक्क हुनसक्छौं। जब तपाईंका छोराछोरीहरू परमेश्वरलाई विश्वास गर्ने कि नगर्ने भनेर संघर्ष गरिरहेका हुन्छन् तब तिनीहरूको साथमा तपाईं उभिन तिनीहरूलाई तपाईंको प्रेम र प्रार्थनाले सहयोग गर्न सक्छ।

जब तपाईंका छोरोछोरीहरू बरालिन्छन् तब तपाईं आफूले आफैलाई धिक्कार नभन्नुहोस्। विश्वासीहरूसँग प्रार्थना गर्न वा सहयोग माग्न नहिच्किचाउनुहोस्। बरालिएर गएका छोराछोरीहरूको मात्र चिन्ता गरेर बाँकी भएका आफ्ना परिवारलाई नभुल्नुहोस्। छोराछोरीहरू बरालिएर गएभने कतिपय समयमा घर टुक्रिन सक्छ। तर बाबु र आमा मिलेर एक भएर अघि बढे छोराछोरीहरूलाई तिनीहरूको सिमाना वा के गर्नहुन्छ के गर्नुहुन्न भन्ने

कुरालाई स्पष्टसँग देखाउन सकिन्छ। यो पनि तपाईंले कहिल्यै नभुल्नुहोस्ः तपाईंले भन्दा पनि परमेश्वरले तपाईंका छोराछोरीहरूलाई बढी माया गर्नुहुन्छ। उज्ज्वल भविष्यतिर अघि बढ्नुहोस् र तपाईंका छोराछोरीहरू परमेश्वरको अनुग्रहको प्रयोगशाला होऊन् भनेर ढुक्क हुनुहोस्।

**कतिपय समयमा छोराछोरीहरू नराम्रो बाटो वा कुलतमा फसे भने आमाबाबुहरूले आफ्नो हात पुर्पुरोमा राखेर भाग्यलाई दोष दिनु स्वभाविकै हो। तपाईंले कतिपय समयमा गल्ती गरेर पनि तपाईंको र तपाईंका छोराछोरीहरूको भविष्य परमेश्वरका प्रतिज्ञाहरूमा सुम्पनु तपाईंको निम्ति असल हुन्छ भनेर ठान्नुहोस्। हेर्नुहोस्ः फिलिप्पी ३ः१३,१४ "१३ भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोड़सँग लम्कँदै १४ ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अगि बढ्दछु।"**

## उपसंहार

**थप जानकारीः "आफ्ना** साना बालबालिकाहरूसँग कुरा गर्ने र प्रार्थना गर्ने समय तपाईंले छुट्याउनै पर्छ। परमेश्वरसँग र तपाईंका बालबालिकहरूसँग समय बिताउने बेलामा कसैलाई पनि हस्तक्षेप गर्न दिनुहुन्न। यदि तपाईंले आफ्ना बालबालिकाहरूसँग समय बिताउने बेला कोही पाहुना आयो भने तपाईंले यो भन्न सक्नुहुन्छः 'परमेश्वरले मलाई काम गर्ने समय दिनुभएको छ। गफगाफ गर्ने समय अहिले छैन।' अहिले र अनन्त समयको निम्ति तपाईं काममा लागि रहनुपर्छ भन्ने जिम्मेवारीको महसुस गर्नुपर्छ। तपाईंको जीवनमा तपाईंको पहिलो प्राथमिकता भनेको तपाईंका छोराछोरीहरू हुन्।"-एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* पृ. २६६,२६७बाट रूपान्तरित।

"आमाबाबु हो, जब तपाईंका दुधे बालक तपाईंको हातमा लिनुहुन्छ त्यस बेलादेखि अनुशासनको पहिलो पाठ तपाईंले सिकाउन सुरू गर्नुपर्छ। तिनीहरूको चाहना तपाईंको चाहानामा छोड्न सिकाउनुहोस्। तिनीहरूलाई तपाईंको हातमा लिएर तपाईं दरो हुनुहुन्छ भनेर देखाउनुहोस्। प्रथमत आमाबाबुले आफ्ना भावना अर्थात् आत्माहरूलाई पूर्णरूपमा बशमा राख्नुपर्छ। अनि नरम तर दरिलो भएर बच्चाको चाहनालाई मोड्नुपर्छ ताकि बच्चाले आमाबाबुको चाहनामा आफूलाई छोडन् सिकोस्। कहिल्यै पनि बच्चालाई

ठूलो भएपछि कजाउँला भनेर पर्खिनुहुन्न। जब पहिले देखाएको रिस वा झोंकलाई दवाउन सकिएन भने बालबालिकाहरू हठी स्वभावकाभएर हुर्कन थाल्छन्। अनि जब तिनीहरू बलियो हुँदै बढ्दै जान्छन् तब तिनीहरूको रिसाहा र झोंकि हुने स्वभाव पनि बलियो भएर बढ्दै जान्छन्।"-टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. २१८बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) परमेश्वरको "बालक" हुनु भनेको के हो? हामी जतिसुकै हुर्केतापनि वा जतिसुकै जान्ने भएतापनि हामी परमेश्वरको बालक हौं भन्ने चित्रणलाई हामीले कसरी बुझ्ने र त्यसबाट हामी के सान्त्वना खिँच्न सक्छौं?

आ) आफ्ना छोराछोरीहरू जन्मेपछि एक जना बाबुले यो भन्योः "मेरा छोराछोरीहरू जन्मेको दुई वर्षभित्र मैले दुई महान् धार्मिक सत्यहरू सिकें। पहिले त स्वविवेक वा स्वतन्त्र चाहनाको वास्तविकता, र दोस्रो पापी मानव स्वभावको यथार्तता।" बालबालिकाहरूले ती सत्यहरू उनलाई कसरी सिकाए होलान्?

इ) बालबालिकाहरूको सोच दिमागलाई सही मार्गमा ढाल्ने ठिक समय कहिले हो? त्यो कसरी गर्ने? हामी नै परमेश्वरको चाहनामा आफूलाई समर्पण गर्न सकेनौं भने हामीले हाम्रा छोराछोरीहरूलाई परमेश्वरको योजनामुताविक कसरी ढाल्न सक्छौं र?

ई) विविध कारणहरूले एकल बाबु वा एकल आमा भएर कतिपयले आफ्ना छोराछोरीहरूलाई हुर्काउनुपर्दछ। आफ्ना छोराछोरीहरूलाई हुर्काउन संघर्ष गरिरहेका एकल बाबु वा आमालाई तपाईंको चर्चले सामुहिकरूपमा कसरी सहयोग गर्न सक्नुहुन्छ?

उ) परमेश्वरप्रतिको आस्था तथा विश्वासबाट बरालिएर जाने छोराछोरीहरूका बाबुआमाहरूलाई तपाईंले के केद्वारा सान्त्वना तथा उत्साह दिनसक्नुहुन्छ?

## कथा ८
## दुई बालकहरूलाई पाल्नु
## वान र वानिता, अर्जेन्टिना

अफ्रिकामा रहेको सेभेन्थ-डे अस्पतालको परिसरमा रहेको वान र वानिताको घरको ढोकामा बालबालिकाहरूले ढकढकाई रहे। वान र वानिता अर्जेन्टिनाबाट एक वर्षको निम्ति अस्पतालमा चिकित्साको काममा स्वयंमसेवक भएर काम गरिरहेका थिए। तिनीहरूको तलब थोरै थियो। तर तिनीहरूसँग भएको भात र सरल खाना आफ्ना भान्साकोठाबाट ती बालबालिकाहरूलाई बाँड्न तिनीहरू मनपराउँथे।

तर पछि वान र वानितालाई थाहा पायो कि तिनीहरूकहाँ आएका केही बालबालिकाहरू भोकाएका थिएनन्। तिनीहरूलाई केही कुराको भोक भएको वान र वानिताले महसुस गरे।

"खानेकुरामात्र दिएर के हामीले तिनीहरूलाई सहायता गरिरहेका छौं त भनेर हामीले एक आपसमा कुरा गर्न थाल्यौं" वानले भन्यो।

बालबालिकाहरूको अवस्था जान्न वान र वानिता एक जना किसोरको गाउँमा गए। त्यो किसोरले तिनीहरूको निम्ति यताउति काम गरिदिन्थ्यो। त्यस किसोरको घर देखेर तिनीहरू छक्क परे। उसको दुई साना भाइहरू थिए। तिनीहरू ३ र ५ वर्षका थिए। तिनीहरू एक्लै थिए। वान र वानिता जाडोको मौसममा तिनीहरूको घरमा गएका थिए। त्यसबेला ती साना बालकहरू बिरामी थिए।

किशोर दिनभरी जस्तो घरमा थिएन। ती बालकहरूलाई नियमितरूपमा औषधी ख्वाउनु भनेर अऱ्हाउँदा त्यस किशोरले ख्वाउन नसक्ने अवस्था तिनीहरूले देखे। आफ्नो घरमा एउटा कोठा खालिभएकोले ती बालकहरूलाई तिनीहरूको अस्पतालको परिसरमा रहेको आफ्नो घरमा ल्याए। ती दाजुभाइहरू १० दिनसम्म आफ्नो घरमा रहन ल्याइएका थिए। १० दिनमा औषधीको मात्रा पूरा हुन्थ्यो। त्यसपछि ती दाजुभाइलाई तिनीहरूकै घरमा फर्काउने वान र वानिताको निर्णय थियो।

जब ती बालकहरूको स्वास्थ्यमा सुधार आयो तब वान र वानिताले थाहा पाए कि तिनीहरूका बाबु थिएनन्। आमा कतै टाढा गाउँमा काम गर्दै थिइन् र आफ्ना बालकहरूलाई हेरबिचार गर्ने क्षमता उनमा थिएन। तब वान

र वानिताले ती बालकहरूको स्याहार गर्ने जिम्मा आफूहरूले नै लिने निर्णय गरे। ती जोडीले ती बालबालिकाको निम्ति आधारभूत आवश्यकतामा सहयोग गरे। तिनीहरूलाई एडेभेन्टिस्ट स्कूलमा भर्ना गराए र साबथस्कूलमा पनि लगे।

पारिवारिक सङ्गतिमा ती बालकहरूले बाइबलबाट कथाहरू सुने। परमेश्वरले उहाँका जनहरूलाई दासत्वबाट कसरी छुटाउनुभयो भन्ने जस्ता आश्चर्यका कथाहरू ती बालबालिकाहरूलाई मन परेको थियो। तिनीहरू सानै भएतापनि तिनीहरूले घर धन्दामा सहयोग गर्न थालेका थिए। एक दिन बिहान सबेरै वानिता उठ्दा त ५ वर्षको बालक आफ्नो पाइतालाको औंलाहरूमा उभिएर भान्सा कोठाका भाँडाहरू माझ्दै गरेको देखिन्।

"त्यो बालक मेरी श्रीमतीतिर फर्केर मुस्कुरायो। उसलाई थाहा थियो कि हामीहरू थाकेका छौं र हामी अलि अबेर सम्म आराम लिउन् भनेर उसले चाहेको थियो" वानले भन्यो।

समय बित्दै जाँदा वान र वानिताले ती बालकहरूको आमालाई भेट्ने इच्छा गरे। यस्ता राम्रा छोराहरूकी आमा मायालु र आदरणीय हुनुपर्छ भनेर वान र वानिताले सोचेका थिए।

जब वान र वानिताको एक वर्षको स्वयंमसेवकको काम सकियो तब तिनीहरू आफ्नो देशमा फर्कनु अघि तिनीहरूले स्थानीय साथीहरूलाई ती बालकहरूको स्याहार गर्ने जिम्मामा लगाइदिए।

केही समयपछि वान र वानिता फेरि काम गर्न त्यहीं अस्पतालमा फर्केर आए। ती बालकहरूको ठूलो दाजु मरिसकेको र ती साना बालकहरूलाई आमाले लगेको तिनीहरूले थाहा पाए।

धेरै समयको खोजीनीतिपछि वानले ती बालकहरूको आमा कहाँ छिन् भनेर थाहा पाए। तब उनी ती बालकहरूलाई र तिनीहरूकी आमालाई वानले भेट्न गए। "आमालाई भेट्नु ती बालबालिकाहरूका लागि अत्यन्तै आशिषमय कुरा थियो। उनी अत्यन्त मायालु थिइन्। हामीले ती आमासँग केही समय बितायौं। ती बालकहरूले लाज मानेका थिए किनभने हामीले तिनीहरूलाई धेरै समयसम्म देखेका थिएनौं" वानले भन्यो।

जब वान र वानिताको काम गर्ने दोस्रो अवधि पनि सकियो तब आफ्नो देश फर्कनुभन्दा अघि तिनीहरूले अन्तिम पटक ती आमा र बालबालिकाहरूलाई भेट्न जाने निर्णय तिनीहरूले गरे। वानले तिनीहरूसँग

एक हप्ता बिताए। आमासँगको मित्रता झन राम्रोसँग गाँसियो। उसले कानुनी कागजहरू र केही व्यवहारिक विषयमा सहयोग गऱ्यो। हप्ताभरि वानिताले काम गर्नुपर्थ्यो तर शनिबार आइतबार उनी ती बालकहरूको घरमा जान्थिन्।

वान र वानिताले ती बालकहरूको परिवारलाई सुन्दर तरिकाले चित्र भएको सचित्रबाइबल भएको बाकस, परिवारको प्रत्येक सदस्यलाई तिनीहरूको आफ्नै भाषाको बाइबल र एलेन जी ह्वाइटद्वारा लिखित "द ग्रेट कन्ट्रोभर्सी" उपहार दिए। एउटा रूखको मुनि त्यस गाउँका मानिसहरूको निम्ति वान र वानिताले विशेष साबथ स्कूल र चर्च कार्यक्रम संचालन गरे अनि तिनीहरू बिदावारी भए।

"त्यो अत्यन्तै रमाइलो क्षण थियो किनभने हामीले यो सोच्यौं कि त्यस क्षेत्रमा अब हाम्रो आउने जाने काम सकियो। हामी प्रार्थना गर्छौं कि हामीले रोपेका बिऊहरूलाई परमेश्वरले पानी हालेर हुर्काऊन्" वानले भन्यो।

अफ्रिकामा वान र वानिताको जुन अनुभव भयो त्यसले तिनीहरूका हृदयहरू परिवर्तन भयो। एलेन जी ह्वाइट केवल धुरन्धर लेखिका र भविष्यवक्तामात्र होइनन् तर उनी जीवित आस्था भएकी व्यक्ति थिइन् भनेर तिनीहरूले सिके। आफ्नो घरमा अभावमा परेका बालबालिकाहरूलाई ल्याएर तिनीहरूको स्याहार गर्थे। एलेन जी ह्वाइट केवल मुखलेमात्र प्रचार गर्ने होइन तर व्यवहारमै आफूले प्रचार गरेको कुरालाई लागु गर्थिन्।

"मेरो निम्ति यो क्रान्तिकारी सोच थियो। कतिपय समयमा मिसिनेरीहरूले मानिसहरूको बीचमा काम गर्दछन् तर कतिजनाले आफ्ना घरहरूमा मिसनको काम ल्याउँछन् त?" जिज्ञासा राख्दै वानले भन्यो।

"जो मिसनेरीहरू दुःखमा परेकाहरूको सेवा गर्छन् तिनीहरूले अदृश्य स्वर्गदूतहरूको सेवा गरिरहेका हुन्छन्" भन्ने भनाईको उल्लेख गर्दै वानिताले उनको मनपर्ने एलेन जी ह्वाइटद्वारा लिखित "डिजाएर अभ एजेज"को पृ. ६३९लाई उद्धृत गर्छ "जब तपाईंहरूले दुःख परेको र आवश्यक परेका मानिसहरूको निम्ति तपाईंको ढोका खोल्नुहुन्छ तब तपाईंले नदेखिने स्वर्गदूतहरूलाई स्वागत गरिरहनुभएको हुन्छ। तपाईंले स्वर्गका जीवहरूलाई साथी बनाइरहनुभएको हुन्छ। तिनीहरूले आनन्द र शान्तिको पवित्र वातावरण ल्याउँदछन्। तिनीहरूले तपाईंले गर्नुभएको कामको बारेमा प्रशंसा गर्दै तिनीहरू स्वर्गमा आउँदछन् र त्यहाँ खुशीका आवाजहरू घन्किन्छन्। हामीले देखाएका करुणाको प्रत्येक कामले स्वर्गमा सङ्गीत बजेको हुन्छ। आफ्ना अत्यन्तै

बहुमूल्य धुकुटीमा रहेका निस्वार्थी सेवकहरूको काम आफ्नो सिंहासनबाट परमेश्वर पिताले गर्नुहुन्छ।"

जब वान र वानिताले ती बालकहरूलाई सहयाता गरे त्यसबेला वान ३० वर्षको थियो। अहिले वान ३४ वर्षको भएको छ। वानले समस्त एडभेन्टिस्टहरू जसले सुसमाचारको निम्ति सेवाकार्य गर्छन् तब तिनीहरूले मिसनको काम पनि घरमा ल्याउन अनुरोध गर्दछ। अनि परमेश्वरको अनुग्रहले उहाँको प्रेम मानिसहरूका हृदयहरूमा पस्न सक्छ भनेर वान विश्वस्त हुन्छ।

"जुन अनुभव मैले गरें यसले मेरो जीवनमा परिवर्तन ल्याएको थियो। मिसन क्षेत्रमै म मिसिनेरी भएको मैले महसुस गरें। म मिसिनेरीको छोरा नभइकन आफू नै मिसिनेरी भएको अनुभव मैले गरें" मिसिनेरीका छोरा भएर हुर्केको वानले यस लेखकलाई व्यक्त गर्दछ।

लेखकः *आन्ड्रयु मेक्चेस्नी*